# खाद्यान्नबाली प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०८२

*(मा. मन्त्रिस्तरबाट स्वीकृत मितिः २०८२/०५/१५)*

**प्रस्तावनाः** उन्नत एवम् आधुनिक खेती प्रणाली अवलम्बन गरी खाद्यान्नबालीको उत्पादन र उत्पादकत्व वृद्धि गर्दै खाद्य तथा पोषण सुरक्षा प्रत्याभूत गर्नको लागि खाद्यान्नबाली प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकार, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले यो मापदण्ड तयार गरेको छ।

**१. प्राविधिक पक्षः**

(१) यस मापदण्ड बमोजिम खाद्यान्नबाली उत्पादन प्रवर्द्धन कार्यक्रम र चैतेधान प्रवर्द्धन कार्यक्रम सञ्चालन हुनेछ।

(क) कार्यक्रम सञ्चालन गर्दा देहाय बमोजिमको मापदण्ड हुनेछ।

<table>
<tr><th>क्र.सं.</th><th>कार्यक्रमको नाम</th><th>न्यूनतम क्षेत्रफल</th><th>सञ्चालन प्रक्रिया</th></tr>
<tr><td>१.</td><td>खाद्यान्नबाली उत्पादन प्रवर्द्धन सम्बन्धी कार्यक्रम</td><td>प्रतिबाली तराईमा १५० रोपनी र पहाडमा १०० रोपनी</td><td rowspan="2">कम्तीमा १० घरपरिवार संलग्न तथा लाभान्वित हुने गरी कृषक समूह वा कृषि सहकारी संस्थामार्फत समुदायस्तरमा सञ्चालन हुने। संलग्न प्रत्येक घरधुरीले कम्तीमा ३ रोपनी क्षेत्रफलमा खाद्यान्न बालीको खेती गर्नुपर्नेछ।</td></tr>
<tr><td>२.</td><td>चैतेधान प्रवर्द्धन कार्यक्रम</td><td>तराईमा १०० रोपनी र पहाडमा ५० रोपनी</td></tr>
</table>

(ख) खाद्यान्नबाली उत्पादन प्रवर्द्धन सम्बन्धी कार्यक्रमबाट एक बाली खेती गर्ने वा बाली सघनता वृद्धिका लागि एकै क्लष्टरमा वर्षमा दुई वा तीन बाली खेती गर्न इच्छुक कृषक समूह/कृषि सहकारी संस्थालाई एकै पटक सम्झौता गरी देहायका क्रियाकलाप सञ्चालन गर्न सकिनेछ।

| क्र.सं. | क्रियाकलाप नाम | सञ्चालन प्रक्रिया |
|---|---|---|
| १. | बीउ विजन, यन्त्र उपकरण तथा मेसिनरी औजार सहयोग | कार्यक्रम सञ्चालन गर्ने कार्यालयको प्राविधिक सिफारिस बमोजिम व्यवस्थापन गर्नुपर्नेछ। |
| २. | सिँचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार | सिँचाइ व्यवस्थापन हुने गरी सिँचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार, बोरिङ, लिफ्टिङ, पाइप आदिको व्यवस्थापन गर्न सकिनेछ। |
| ३. | अभिमुखीकरण कार्यक्रम | प्रचलित खर्चको मापदण्ड बमोजिम कार्यालयले सञ्चालन गर्ने |
| ४. | आकस्मिक बाली संरक्षण | स्थलगत निरीक्षणको आधारमा प्राविधिक सिफारिस अनुसार विषादी, सूक्ष्म खाद्यतत्व र स्प्रेयर उपलब्ध गराउन सक्नेछ। |

(ग) खाद्यान्नबाली सम्बन्धी स्थलगत तालिम (वस्तुगत सेवा टेवा सहित) र खाद्यान्नबालीमा आकस्मिक/अभियानमूलक बाली संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा खाद्यान्नबाली उत्पादन प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन हुने स्थानलाई प्राथमिकता दिई खाद्यान्नबालीको अन्य उत्पादन क्षेत्रमा समेत सञ्चालन गर्न सकिनेछ।

(घ) खाद्यान्नबालीमा आकस्मिक/अभियानमूलक बाली संरक्षण कार्यक्रम सञ्चालन गर्दा कार्यालयले प्राविधिक परिचालन गरी समस्या पहिचान गर्ने, रोगकिराको प्रक्षेपण गर्ने तथा व्यवस्थापनको लागि आवश्यक पर्ने सामग्री (औजार उपकरण, विषादी लगायत) उपलब्ध गराउन सक्नेछ।

(ङ) चैतेधान प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्दा उन्नत प्रविधिको अवलम्बन भई बाली सघनता वृद्धि हुने तथा उत्पादन प्रवर्द्धन हुने गरी देहायका क्रियाकलाप सञ्चालन गर्न सकिनेछ।

| क्र.सं. | क्रियाकलाप नाम | सञ्चालन प्रक्रिया |
|---|---|---|
| १. | बीउ विजन सहयोग | कार्यक्रम सञ्चालन गर्ने कार्यालयको प्राविधिक सिफारिस बमोजिम व्यवस्थापन गर्नुपर्नेछ। बीउको रुपमा सम्भव भएसम्म मसिनो चामल हुने र छोटो अवधिमा पाक्ने खालका चैते-५, हर्दिनाथ हाईब्रिड-१ लगायतका जात छनोट गर्ने तथा सम्भव भएसम्म वर्षायाम अगावै बाली सुरक्षित रुपमा भित्र्याउने गरी आवश्यक प्रविधि प्रयोग गरी छिटो ब्याड राख्ने, छिटो रोप्ने गरी प्रविधि प्रयोग तथा प्रसार गर्नुपर्नेछ। |
| २. | ड्रायर मेसिन लगायत यन्त्र उपकरण तथा मेसिनरी औजार सहयोग | कार्यक्रम सञ्चालन गर्ने कार्यालयको प्राविधिक सिफारिस बमोजिम व्यवस्थापन गर्नुपर्नेछ। |
| ३. | सिँचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार | सिँचाइ व्यवस्थापन हुने गरी सिँचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार, बोरिङ, लिफ्टिङ, पाइप आदिको व्यवस्थापन गर्न सकिनेछ। |
| ४. | सुकाउने थलो/सेड निर्माण | चैते धान सुकाउनको लागि उपयुक्त थलो/सेड निर्माण गर्न सकिनेछ। |
| ५. | उत्पादनमा आधारित प्रोत्साहन सहयोग | बाली कटानी गरी उत्पादन अनुमान गर्ने र अनुमानित कुल उत्पादनलाई दृष्टिगत गरी भण्डारण/प्रशोधनयोग्य चैते धानको खुद तौल यकिन गरेर खुद तौलको आधारमा मात्र कृषक समूह वा सहकारी संस्थामार्फत उत्पादनमा आधारित प्रोत्साहन सहयोग उपलब्ध गराउन सकिनेछ। |
| ६. | कृषक क्षमता अभिवृद्धि तालिम | कार्यक्रम सञ्चालन गर्ने कार्यालयले कार्यक्रम सञ्चालन हुने समुदायमा प्रचलित खर्चको मापदण्ड बमोजिम स्थलगत कृषक |

| | | |
|---|---|---|
| | | क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्नुपर्नेछ। |
| ७. | आकस्मिक/अभियानमूलक बाली संरक्षण कार्यक्रम | कार्यक्रम सञ्चालन गर्ने कार्यालयले प्राविधिक परिचालन गरी समस्या पहिचान गर्ने तथा रोगकिराको प्रक्षेपण गर्ने र सोको उपयुक्त व्यवस्थापनको लागि आवश्यक पर्ने सामग्री (औजार उपकरण, विषादी लगायत) उपलब्ध गराउन सक्नेछ। |

**२. आर्थिक पक्षः**

(१) स्वीकृत बजेटको परिधिभित्र रही कृषि अनुदान सम्बन्धी क्रियाकलापमा अनुदानको सीमा "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" बमोजिम हुनेछ।

(२) कृषि पूर्वाधार निर्माण समुदायस्तरमा लाभान्वित हुने साना सिँचाइ संरचना निर्माण तथा मर्मत र उत्पादनसँग सम्बन्धित पूर्वाधार निर्माण कार्यमा बढीमा ९० प्रतिशतसम्म अनुदान उपलब्ध गराउन सकिनेछ।

(३) आवश्यकताका आधारमा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले कार्यक्रममा विनियोजित कुल बजेटको ३% नबढ्ने गरी अभिमुखीकरण कार्यक्रम, आकस्मिक बाली संरक्षण सेवा तथा अनुगमन मूल्याङ्कनमा खर्च गर्न सक्नेछ।

**३. प्रस्ताव मूल्याङ्कनका आधारः**

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | अङ्कभार |
|---|---|---|
| **१.** | **खेती गर्ने क्षेत्रफल** (खाद्यान्नबाली उत्पादन प्रवर्द्धन सम्बन्धी कार्यक्रमको हकमा वर्षमा एक भन्दा बढी बाली खेती गर्ने भएमा सोही अनुपातमा सघनता हेरी क्षेत्रफल गणना गर्ने) | ४० |
| (क) | न्यूनतम क्षेत्रफलमा उत्पादन गर्ने भएमा | ३० |
| (ख) | (क) बमोजिमको क्षेत्रफल भन्दा बढी क्षेत्रफलमा खेती गर्ने भएमा ३० अङ्क प्रदान गरी प्रति २० प्रतिशत थप क्षेत्रफलका लागि १ अङ्कका दरले थप गरी अधिकतम १० अङ्कसम्म प्रदान गर्ने | १० |
| **२.** | **बाली उत्पादन हुने जगगाको अवस्थिति** | **२०** |
| (क) | कार्यक्रम सञ्चालन हुने जग्गा एउटै क्लष्टरमा भएको | २० |
| (ख) | कार्यक्रम सञ्चालन हुने जग्गा एउटै क्लष्टरमा नभएको | १० |
| | नोटः क्र.सं. २ को प्रयोजनको लागि उत्पादन गरिने प्लट बीचको दुरी १०० मिटर भन्दा कम भएमा एउटै क्लष्टरमा भएको सम्झनुपर्छ। | |
| **३.** | **अनुदान पाएको अवस्था** | **२०** |
| (क) | विगतमा कुनै पनि किसिमको अनुदान प्राप्त नगरेको | २० |
| (ख) | विगतमा फरक प्रकृतिको कृषि कार्यका लागि अनुदान प्राप्त गरेको | १० |
| (ग) | सोही प्रकृतिको कृषि कार्यका लागि अनुदान प्राप्त गरेको | ५ |
| **४.** | **व्यावसायिक योजना सम्बन्धी प्रस्ताव** (उत्पादन योजना, बाली संरक्षण योजना, | **१०** |

| | | |
|---|---|---|
| | बजारीकरण, दिगोपना, नवीनतम सोच लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदनका आधारमा प्रस्ताव मूल्याङ्कन गरी १० देखि २० अङ्क प्रदान गर्ने) | |
| | **जम्मा** | १०० |

४. **निवेदनसँग संलग्न गर्नुपर्ने कागजातहरुः**

(१) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा १७ को उपदफा (३) बमोजिमका कागजातको अतिरिक्त देहायका कागजातहरु पेस गर्नुपर्नेछः

(क) समूह/सहकारीको बैठक निर्णयको प्रतिलिपि,

(ख) खेती गरिने यथार्थ क्षेत्रफल सम्बन्धी विवरण खुलेको प्रस्तावित क्षेत्रको जग्गाधनी पूर्जाको प्रतिलिपि र जग्गा लिजमा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा न्यूनतम १० वर्षको करार सम्झौताको प्रतिलिपि।

(२) निवेदनको ढाँचा र कार्यक्रम प्रस्तावको ढाँचा "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा १७ को उपदफा (२) बमोजिमको हुनेछ।

५. **संशोधनः** मन्त्रालयले आवश्यकता अनुसार यो मापदण्ड संशोधन गर्न सक्नेछ।

६. **प्रचलित कानुन बमोजिम हुनेः** यो मापदण्डमा उल्लेख भएका विषयहरु यसै बमोजिम र अन्य विषयहरु प्रचलित कानुन बमोजिम अनुसार हुनेछ।

७. **खारेजी र बचाउः** (१) खाद्यान्नबाली प्रवर्द्धन सम्बन्धी आयोजना तथा कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८० खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमका मापदण्ड अनुसार भए गरेका काम कारबाही यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ।